
GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland




# स्थानीय सरकारको मूल्याङ्कनमा

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

RVWRMP

*(२०७६ फागुन २२ र २३ गतेको योजना तर्जुमा तथा समन्वय बैठकमा व्यक्त भएका विचारमा आधारित)*

FCG

# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण (२०७२-२०७९) नेपाल सरकार, युरोपेली युनियन, फिनल्याण्ड सरकार, स्थानीय तहहरु र उपभोक्ता समुदायद्वारा संयुक्त रुपमा लगानी गरिएको परियोजना हो । यस परियोजनाले स्वच्छ पिउने पानी, सरसफाइ, स्वच्छता र पोषणमा व्यवहार परिवर्तनका अतिरिक्त आयआर्जन मार्फत जीविकोपार्जन प्रवर्द्धन, सहकारी विकास तथा नवीकरणीय उर्जा लगायतका क्षेत्रमा स्थानीय सरकार तथा समुदायलाई सहयोग गर्दछ। यो परियोजना सुदूरपश्चिम तथा कर्णाली प्रदेशका दश जिल्लाका २७ वटा लक्षित गाउँपालिकाहरु सहित विभिनन ६६ वटा स्थानीय तहहरुमा काम गरिरहेको छ। स्थानीय सरकारहरुको क्षमता विकास यस परियोजनाको महत्वपूर्ण कार्यक्षेत्र रहेको छ।

परियोजनाको समग्र उद्देश्य (Overall Objectives) परियोजना कार्यरत क्षेत्रको बहुआयामिक गरिबीलाई न्यूनीकरण गर्ने तथा उपभोक्ताहरुको स्वास्थ्य अवस्थामा सुधार गर्नु रहेको छ । परियोजना अवधिभित्रमा ३५१,००० जनतालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध गराउने, ५४,००० जनसंख्यालाई सिँचाई सुविधा उपलब्ध गराउने, २१,००० जनसंख्यालाई लघुजलविद्युतको सुविधा उपलब्ध गराउने रहेको छ। यसका साथै १७०,००० भन्दा बढि जनताले सुधारिएको चुल्हो र सुधारिएको पानी घट्ट मार्फत सुविधा हासिल गर्नेछन् भने २७५,००० जनताले घरबारी व्यवस्थापन गर्नेछन् र ६०,००० जनसंख्याले कृषि व्यवसाय र घरेलु उद्योग मार्फत आयआर्जनका अवसरहरु सिर्जना गर्नेछन्। परियोजनाको कार्यपद्धति तथा अवधारणाहरु स्थानीय सरकारको कार्यपद्धतिसँग एकाकार भएका छन् र परियोजना स्थानीय सरकारहरुले नै कार्यान्वयन गर्दछन्।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरणको आधा अवधि समाप्त भैसकेको छ। यस अवधिमा परियोजनाले नवगठीत स्थानीय तहहरु मातहत रही काम गर्दा धेरै अनुभव तथा सिकाईहरु हासिल गरेको छ। परियोजना प्रति गाउंपालिकाले लिएको अपनत्व अनुकरणयोग्य रहेको छ। यस्तै गरी योजनास्तरमा कार्यान्वयन हुने योजनाहरु समेत स्थानीय तह गठन भैसकेपछि थप प्रभावकारी रुपमा कार्यानवयन भएको अवस्था रहेको छ । परियोजनाको कार्यपद्धति तथा अवधारणालाई गाउँपालिकाहरुले पूर्ण रुपमा आत्मसात गरेको तथा यसको कार्यशैलीको उच्च प्रशंसा गरेको पाइएको छ। गाउँपालिकाहरुले परियोजना कार्यान्वयनको लागि आफ्नो तर्फबाट लगानी गर्नुपर्ने रकम अत्यन्त उत्साहका साथ यथासमयमा नै लगानी गरेका छन् । स्थानीय तहहरु स्थापनाको आरम्भमा भौतिक पूर्वाधार तथा कर्मचारीहरुको अभावमा परियोजनाले थप जनशक्ति परिचालन गर्नुपरेको अवस्था रहेको भएता पनि विस्तारै गाउँपालिकाहरु भौतिक तथा प्रशासनीक रुपमा सक्षम हुदै गएको अवस्था विद्यमान रहेको छ।

यस सन्दर्भमा परियोजनाले हालसम्म गाउँपालिकामा गरेका क्रियाकलापहरुको समिक्षा गर्दै परियोजनाको बहिर्गमन पश्चात परियोजनाले अबलम्बन गरेका कार्यपद्धतिहरुलाई कसरी गाउँपालिका भित्र संस्थागत गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो । यसका साथै परियोजनाको सहयोगमा कार्यान्वयन भएका जलस्रोत विकास तथा जीविकोपार्जनका पूर्वाधारहरु एवम् सरसफाई तथा स्वच्छता, पोषण र महिनावारी स्वच्छता सम्बन्धी बानी व्यवहारहरु लाई दिगो बनाउन कसरी निरन्तरता दिन सकिन्छ भन्ने विषयमा समेत छलफल गर्न मिति २०७६ फागुन २२ र २३ गते योजना तर्जुमा तथा समन्वय कार्यशाला गोष्ठी आयोजना गरिएको थियो ।

उक्त गोष्ठीमा गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षज्यूहरुले व्यक्त गर्नुभएको विचारको सारांशलाई यस प्रतिवेदनमा समावेश गरिएको छ। यसमा उल्लेख भएका विचारहरुको भिडियो प्रति परियोजनामा सुरक्षित रहेको छ।

# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना पहिलो चरण आरम्भ गर्ने निर्णय गर्दाको समयमा म तत्कालीन जिल्ला विकास समितिको सर्वदलीय संयन्त्रको सदस्य थिएँ । ग्रामीण क्षेत्रका गरिब समुदायलाई प्रत्यक्ष फाइदा पुऱ्याएको यो परियोजना सुदूरपश्चिम प्रदेशकै उत्कृष्ट परियोजना हो । यस परियोजनाको कार्यसम्पादन अत्यन्त राम्रो रहेको छ । प्रदेश सरकार समेत परियोजनासँग सहकार्य गर्न इच्छुक रहेको छ । परियोजनाको सहयोगमा स्थापना भएको शिर्ष साना किसान सहकारी सँस्थाको म समेत शेयर सदस्य रहेको छु जसको कामबाट सहकारीका सदस्यहरु पूर्ण रुपमा सन्तुष्ट हुनुहुन्छ । परियोजनाबाट अवलम्बन गरिएका कार्यपद्धतिहरु अत्यन्त प्रभावकारी र अनुकरणीय छन् । यस परियोजनाले समुदायको वास्तविक मर्मलाई सम्बोधन गरेको छ । कुनै पनि परियोजनाले सँधैभरि सहयोग गर्न सक्दैन त्यसैले यसको दिगोपनाको लागि स्थानीय सरकारहरु जिम्मेवार हुनैपर्दछ जसले मात्र समुदायको खुशीलाई निरन्तरता दिन सक्नेछ । म आगामी दिनमा समेत सुदूरपश्चिम प्रदेशको विकासको लागि फिनल्याण्ड सरकारको सहयोगको निरन्तरताको अपेक्षा गर्दछु ।



*माननीय पठान सिंह बोहरा, मन्त्री, भौतिक पूर्वाधार विकास, सुदूरपश्चिम प्रदेश, नेपाल*



परियोजनाले सरसफाइ र स्वच्छताको क्षेत्रमा सफलतापूर्वक कार्यसम्पादन गरेको छ । जस अन्तर्गत व्यक्तिगत, विद्यालय तथा सामुदायिक स्वच्छताका विषयहरु पर्दछन् । समुदायको बानी व्यवहार परिवर्तनको लागि सरसफाइ तथा स्वच्छता प्रवर्द्धकहरुले घरदैलोमा गई स्वच्छ व्यवहारहरु सिकाइरहेका छन् । हामीले परियोजनाको सहयोगमा विद्यालयमा महिनावारी हुँदा स्यानीटरी प्याड फेर्ने तथा उक्त प्याड बिसर्जन गर्न मिल्ने गरी महिला, बालबालिका तथा फरक क्षमता भएका व्यक्ति मैत्री WASH सुविधाहरु निर्माण गरेका छौं । स्थानीय परिवेश बमोजिमका पूर्ण सरसफाइका सूचकहरु समेत तयार गरेका छौं ।

***अक्कल बहादुर धामी, अध्यक्ष, छबिस पाथिभेरा गाउँपालिका, बझाङ्ग***

हाम्रो गाउँमा महिलाहरुले धेरै काम गर्नुपर्दछ, आफ्नो खेतबारीको उत्पादनले बर्षमा तीन महिना सम्म मात्र खान पुग्ने धेरै परिवारहरु छन् । परियोजना लागू भएपछि टाढाबाट पानी ल्याउदा लाग्ने समयको बचत भएको छ र उक्त समयलाई हामीले घरबारी व्यवस्थापन, अदुवा र बेसार उत्पादनमा लगाएका छौं । हामी अदुवा र बेसारलाई अव व्यवसायिक रुपमा उत्पादन गर्दैछौं । घरेलु स्तरमा स्यानीटरी प्याडको निर्माणबाट महिला र किशोरीहरुको स्वास्थ्यमा सकारात्मक परिवर्तनहरु आएका छन् । छाउगोठमा बस्ने प्रचलन क्रमशः हराउँदै गएको छ र हामी एक वर्ष भित्रमा गाउँपालिकालाई छाउगोठ मुक्त बनाउने योजनामा छौं ।

***इन्द्रा बोहरा, उपाध्यक्ष, बडीकेदार गाउँपालिका, डोटी***





बैतडीको दुर्गम डिलासैनी गाउँपालिकामा अझै पनि गुणस्तरीय शिक्षा र अन्य सुविधाहरुको अभाव रहेको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले हामीलाई स्वच्छ खानेपानी, सरसफाई, जीविकोपार्जन र क्षमता विकासमा ठूलो सहयोग पुऱ्याएको छ । परियोजनाले अवलम्बन गरेको कार्यपद्धतिले समुदायको विकास सम्बन्धी सोँचमा परिवर्तन आएको छ । समुदायले सामुदायिक सहभागिता, पारदर्शिता र सामुहिक निर्णय प्रकृया दिगो विकासका आधारहरु हुन् भन्ने कुरा महशुस गर्न थालेका छन् । हाम्रो गाउँपालिकामा तेस्रो चरणमा मात्र कार्यक्रम शुरु भएकोले अझै केहि बर्ष परियोजनाको सहयोग आवश्यक छ ।

***उकेन्द्र बहादुर बोहरा, अध्यक्ष, डिलासैनी गाउँपालिका, बैतडी***

# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना



"परियोजनाका धेरै राम्रा कार्यपद्धतिहरु मध्ये मलाई सबैभन्दा मन परेको पद्धति भनेको सहभागितात्मक तथा पारदर्शिता पूर्ण सामुदायिक खरिद पद्धति हो । यो प्रकृयामा खरिद समिति गठन गरी उक्त समितिलाई तालिम दिइन्छ । सार्वजनिक सूचना मार्फत इच्छुक सप्लायरहरुबाट सिलबन्दी कोटेशन आव्हान मार्फत पेश भएका कोटेशनहरु सबै सरोकारवाला प्रतिनिधिहरु समेत सहभागी भई सार्वजनिक रुपमा खोली निर्णय गरिन्छ । यस प्रकृयामा रकम हिनामिनाको कुनै सम्भावना हुँदैन र पैसाको समेत बचत हुन गएको छ । यो सुन्दर प्रकृया सबै विकासे कार्यालयहरुले अवलम्बन गर्नु जरुरी छ ।"

**उमेश प्रसाद भट्ट, अध्यक्ष, अजयमेरु गाउँपालिका, डडेल्धुरा**

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सुन्दरता भनेको यो परियोजना गाउँपालिका मातहत नै कार्यान्वयन हुन्छ । पहिला पहिला हुम्लाका गाउँघरमा "गाउँ आयो, गु गनायो" भन्ने गरिन्थ्यो भने अव हाम्रा गाउँहरुको पहिचान फेरिएको छ । सबै घर तथा विद्यालयहरुमा चर्पीको प्रयोग गरिन्छ जसले गर्दा बाल मृत्युको प्रमुख कारण झाडापखाला, हैजा जस्ता महामारी बन्द भएको छ । ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले यसका अतिरिक्त खानेपानी, सिँचाई, पानी घट्ट, सुधाररिएको चुल्होमा गरेको सहयोग समेत अत्यन्त प्रभावकारी रहेको छ ।"

***कर्ण बहादुर रावल, अध्यक्ष, खार्पुनाथ गाउँपालिका, हुम्ला***





"परियोजनाले अवलम्बन गरेको योजना निर्माणको चरणवद्ध कार्यपद्धतिले उपभोक्ता समिति गठन, सार्वजनिक परिक्षण, योजनाको अनुगमन तथा सामुदायिक खरिद प्रकृयामा सबै उपभोक्ताहरुको सहभागिता सुनिश्चित गर्दछ । उपभोक्ताको सहभागिताले योजनामा पारदर्शिता कायम गर्दछ । महिला र पिछडिएको बर्गको अनिवार्य सहभागिता र प्रतिनिधित्वले उनिहरुको क्षमता अभिवृद्धि गरेको छ । म परियोजनाको यो पद्धतिलाई उत्कृष्ट पद्धतिको रुपमा लिन्छु र गाउँपालिकाका अन्य विकास क्रियाकलापहरुमा समेत यो चरणवद्ध कार्यपद्धति अवलम्बन गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

***कर्ण सिंह साउंद, अध्यक्ष, शिवनाथ गाउँपालिका, बैतडी***

परियोजनाको सहयोगमा हाम्रो क्षेत्रलाई खुला दिसामुक्त घोषणा भैसकेपछि गाउँमा हुने धेरै रोगहरु नियन्त्रण भएका छन् । परियोजनाले गाउँपालिकामा धेरै राम्रा कामहरु गरेको छ । स्थानीय तहमा तालिम तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरुको माध्यमबाट समुदायका सदस्यहरु सचेत भएका छन् । योजनाका सबै लागत तथा खर्चहरुको योजना निर्माण पूर्व, निर्माणको अवधिमा र निर्माण पश्चात गरिने सार्वजनिकिकरण प्रद्धतिले धेरै समस्याहरु समाधान गर्ने र पारदर्शिता सुनिश्चत गर्दछ । हामी आगामी दिनमा समेत विभिन्न क्षेत्रमा परियोजनाको सहयोगको निरन्तरताको अपेक्षा गर्दछौं ।

**कृष्ण बहादुर रोकाया, अध्यक्ष, सर्केगाड गाउँपालिका, हुम्ला**



RVWRMP

# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना



गाउँमा विकासका धेरै आवश्यकताहरु छन् । हामीले परियोजनाको सहयोगमा खानेपानी योजना निर्माण गर्न ठूलो बजेट प्राप्त गरेका छौँ । परियोजनाले जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता तथा अन्य क्षेत्रमा मैले अपेक्षा गरेको भन्दा पनि बढि सहयोग प्रदान गरेको छ । महिनावारी स्वच्छता एउटा समय लाग्ने विषय हो र हामीले त्यो छात्राहरुबाट आरम्भ गरेका छौं । हामीले परियोजनाको सहयोगमा तीनवटा विद्यालयहरुमा स्यानीटरी प्याड भेन्डीङ्ग मेशीन जडान गरेका छौं जसले गर्दा छात्राहरुलाई महिनावारी भएको समयमा समेत नियमित विद्यालय जानको लागि सहज भएको छ ।

***कौशिला कुमारी भट्ट, अध्यक्ष, भागेश्वर गाउँपालिका, डडेल्धुरा***

परियोजनाले योजना निर्माणको लागि अबलम्बन गरेको सामुदायिक खरिद पद्धतिले भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्दै पारदर्शिता सुनिश्चित गर्दछ । यसले निर्माण सामाग्रीहरुको गुणस्तर कायम गर्नमा समेत महत्वपूर्ण योगदान गरेको छ । पारदर्शिता विकासको महत्वपूर्ण पक्ष हो । यो पद्धति संघीय, प्रादेशिक र स्थानीय सरकार सबैले अवलमबन गर्नुपर्दछ । परियोजनाले हाम्रो गाउँपालिकाको भौतिक विकास, आर्थिक उत्थान र सामाजिक रुपान्तरणको नीति कार्यान्वयनमा विभिन्न जनचेतना कार्यक्रम तथा क्षमता विकास क्रियाकलापहरु मार्फत सहयोग गरेको छ ।

***जमनसिंह धामी, अध्यक्ष, मार्मा गाउँपालिका, दार्चुला***





परियोजनाले एउटा पापको रुपमा लिइने गरेको महिनावारीको विषयलाई “मर्यादित” नाम दिएर यसलाई पवित्र अभियानको रुपमा रुपान्तरण गरेको छ । यस अभियानमा गाउँपालिकाका प्रतिनिधिहरु लगायत सबै महिला तथा किशोरीहरुले हार्दिकतापूर्वक भाग लिइरहेका छन् । स्थानीय स्तरमा नै स्यानीटरी प्याड बनाउने, जनचेतनाका क्रियाकलापहरु, निर्णयमा महिला नामक कार्यशाला मार्फत लैंगिक उत्तरदायी बजेट तर्जुमा लगायतका क्रियाकलापहरुले गाउँमा धेरै परिवर्तनहरु देखिएका छन् । हामीले हाल “अब म बोल्छु” अभियान प्रभावकारी रुपमा सञ्चालन गरिरहेका छौं ।

***झंकर बहादुर साउंद, अध्यक्ष, रामारोशन गाउँपालिका, अछाम***

जलउपयोग गुरुयोजना मार्फत योजना प्राथमिकीरणको कारणले दलित र गरिब समुदायले खानेपानीमा पहुँच पाएका छन् । हामीसँग स्रोतको अभाव रहेकोमा परियोजनाको सहयोगबाट ठूला खानेपानी योजनाहरु निर्माण गर्न सम्भव भएको छ । गाउँमा पानी आएपछि विपन्न परिवारले समेत घरबारी स्थापना गरेका छन्, स्वच्छता सरसफाइका व्यवहारहरुमा सुधार गरेका छन् जसले गर्दा उनीहरुको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भएको छ । हामीले परियोजनाबाट योजनाको दिगोपनाको बारेमा थाहा पायौं र राम्रो काम गर्ने उपभोक्ता समितिहरुलाई मर्मत सम्भार कोषमा रकम सहयोग गर्ने योजना बनाएका छौं ।

***तेज बहादुर डुम्रेल, अध्यक्ष, सायल गाउँपालिका, डोटी***



# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना



खानेपानी योजनाहरुको दिगोपनाको आम समस्यालाई बिचार गरी हाम्रो गाउँपालिकाले मिटर जडित नीजि धारा प्रणाली मात्र निर्माण गर्ने नीति पारित गरे बमोजिम ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले हामीलाई सहयोग गरिरहेको छ। धाराबाट खेर गएको पानी करेसाबारीमा प्रयोग भई तरकारी उत्पादन भएको छ। हामीले परियोजनाको चरणवद्ध पद्धति र शुन्य सहनशीलताको नीतिलाई गाउँपालिकाका अन्य कार्यक्रममा समेत लागू गरेका छौं । स्थानीय समुदायको आयआर्जनको अवस्थामा सुधार भएको छ र स्वास्थ्यको अवस्थामा समेत सुधार आएको अवस्था रहेको छ।

***दान बहादुर थापा, अध्यक्ष, भगवतीमाई गाउँपालिका, दैलेख***



परियोजनाको सबैभन्दा प्रेरणादायी *अवधारणा* सामुदायिक खरिद पद्धति हो, जसले पूर्ण पारदर्शिता तथा सबै सरोकारवालाको सहभागिता सुनिश्चित गर्दछ । परियोजनामा निर्माण गुणस्तरमा कहिल्यै सम्झौता गरिदैन बरु प्रतिष्पर्धात्मक पद्धतिबाट खरिद गर्दा लागतमा बचत हुन जान्छ । विपन्न समुदायले सिँचाइ सुविधा र आयआर्जन क्रियाकलापहरुबाट फाइदा लिएका छन् । चुरे गाउँपालिकामा एक घरले तरकारी बिक्रिबाट प्रतिबर्ष चालिस हजार देखि तीन लाख रुपैयाँसम्म आम्दानी गर्न थालेका छन् । विभिन्न तालिमको माध्यमबाट जनचेतना अभिवृद्धि भएको छ । परियोजनाको अवधि समाप्त हुने कुरा सुन्दा पनि दुःख लागेको छ।

***धन बहादुर रोका मगर, अध्यक्ष, चुरे गाउँपालिका, कैलाली***



अपिहिमाल गाउँपालिका दार्चुला जिल्लाको सबैभन्दा दुर्गमा गाउँपालिका हो। परियोजना लागू हुनु भन्दा पहिला हाम्रो गाउँमा हरियो तरकारी खाने चलन थिएन, नूनसँग रोटी खाने चलन थियो । घरबारी व्यवस्थापनको पद्धति अवलम्बन गरेपछि सबैले हरियो तरकारी खान थालेका छन् र यसले महिलाको स्वास्थ्यमा सुधार भएको छ। महिलाहरु संगठीत भएका छन्, सीप हस्तान्तरण भएको छ र नेतृत्व विकास भएको छ । नेपाल सरकारको “सुखी नेपाली, समृद्ध नेपाल” लक्ष साकार पार्ने दिशामा सामाजिक रुपान्तरणको प्रकृया आरम्भ भएको महशुस गरिएको छ । परियोजनाको चरणवद्ध कार्यपद्धति अनुकरणात्मक रहेको छ।

***धर्मानिन्द सिंह मन्याल, अध्यक्ष, अपिहिमाल गाउँपालिका, दार्चुला***



हामी छाउपडी बार्ने कुप्रथाको बिरुद्ध संयुक्त रुपमा संघर्ष गरिरहेका छौं र हालै गाउँपालिकालाई छाउगोठ मुक्त घोषणा गर्न सफल भएका छौं । हामिले भौतिक रुपमा छाउगोठ भत्कायौं तर हाम्रो सामु अझ धेरै चुनौतीहरु बाँकी छन्। हामीले छाउगोठहरु पुनः निर्माण नहुन् भन्ने उद्देश्यले परियोजनासँगको सहकार्यमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिरहेका छौं । यस्ता कुसंस्कारहरु अन्त्य गर्नको औपचारिक र अनौपचारिक नेतृत्वलाई समेत सहभागि गराई तालिम, जनचेतनामूलक कार्यक्रमहरुलाई सहकार्यात्मक तरिकाले भविष्यमा समेत निरन्तरता दिनेछौं।

***पुष्पराज शर्मा, अध्यक्ष, तुर्माखाँद गाउँपालिका, अछाम***

# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना



नाम्खा गाउँपालिका चिनसँग सिमा जोडिएको अति दुर्गम गाउँपालिका हो र बर्षको ४ देखि ६ महिना अधिकाँश क्षेत्र हिउँले ढाकिएको हुन्छ। यस्तो कठिन ठाउँमा परियोजनाले खानेपानीको समस्या समाधान गरेको छ, गुणस्तरीय निर्माण गरेको छ र समयमा योजनाहरु सम्पन्न गरेको छ। अन्य कुनै बाह्य निकायले काम नगरेको लिमि र यारी जस्ता दुर्गम गाउँहरुमा समेत खानेपानी, सिँचाई, सुधारिएको चुल्हो, सुधारिएको घट्टहरु निर्माण भएका कारणले हामी अत्यन्त खुशी छौं। परियोजनाको सहयोग भविष्यमा समेत निरन्तर रहने कुरामा म आशाबादी रहेको छु।

***पेमा तामाङ्ग, उपाध्यक्ष, नाम्खा गाउँपालिका, हुम्ला***

हाम्रो गाउँपालिकामा परियोजना २०६४ देखि काम गर्न थालेको हो। हामीले यस परियोजनालाई उत्कृष्ठ परियोजनाको रुपमा लिएका छौं। सामुदायिक सहभागिताको माध्यमबाट यसले जनतालाई सामुहिक रुपमा काम गर्न सिकाएको छ जसले समुदायिक एकतामा बृद्धि भएको छ। परियोजनाको पारदर्शिताको अवधारणा अत्यन्तै राम्रो छ र सार्वजनिक परिक्षण विधि प्रभावकारी छ। परियोजनाले खानेपानी, सहकारी, सरसफाइ तथा धुवाँरहित चुल्होमा सहयोग गरिरहेको छ र हामीले यो परियोजना बहिर्गमन हुने कल्पना गर्न सकिरहेका छैनौ । दुर्गमा ठाउँहरुमा परियोजनाको सान्दर्भिकता अझै सकिएको छैन।

***प्रेम बहादुर बुढा, अध्यक्ष, भैरबी गाउँपालिका, दैलेख***





खानेपानी र सरसफाइका अतिरिक्त परियोजनाले सञ्चालन गरेको जीविकोपार्जन प्रवर्द्धन कार्यक्रमले विपन्न समुदायको लागि आफ्नो आयस्तर उकास्न ठूलो सहयोग गरेको छ। हामीले गाउँपालिकाको दल्लेक, सुण्डमुण्ड र बशरमा तरकारी पकेट कोरिडोर विकास गरेका छौं। किसानहरुले हाल आएर ताजा तरकारी जिल्ला सदरमुकाम पठाउन थालेका छन् । हामीलाई थाहा छ, निकट भविष्यमा परियोजनाको अवधि सकिदैछ र हामी गाउँपालिकाका कृषि, पशु तथा अन्य शाखाहरुलाई सक्षम तथा सक्रिय बनाई उक्त क्रियाकलापहरुलाई निरन्तरताका साथै विस्तार गर्ने योजनामा छौं।

***प्रेम सिंह धामी, अध्यक्ष, नौगाड गाउँपालिका, दार्चुला***

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगमा सञ्चालित योजनामा दिगोपनाका पक्षहरुलाई विषेश महत्व दिइएको छ। परियोजनाको समग्र कार्यपद्धति गाउँपालिकाको लागि अनुकरणयोग्य छन्। जलउपयोग गुरुयोजनामा प्राथमीकीकरण गरिएका ३८ वटा योजनाहरु मध्ये हालसम्म ८ वटा योजनाहरु मात्र निर्माण सम्पन्न भएका छन्। खानेपानी तथा सरसफाइ अझै गाउँपालिकाको पहिलो प्राथमिकतामा रहेको कारणले समेत आगामी वर्षहरुमा समेत आलिताल गाउँपालिकामा परियोजनाको सहयोगको आवश्यकता छ।

***बल बहादुर गुरुङ्ग, अध्यक्ष, आलिताल गाउँपालिका, डडेल्धुरा***



# स्थानीय सरकारको मूल्याङ्कनमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

परियोजनाको सहयोगमा हामीले गाउँपालिकाको कृषि नीति मातहत रही फलफुल, ओखर, अलैँची र हरियो तरकारीको पकेट क्षेत्र स्थापना गरेर आयआर्जनका क्रियाकलापहरुलाई अगाडी बढाएका छौं । तरकारी पकेट क्षेत्रका लागि दशवटा विभिन्न बस्तीहरुमा कम्तिमा १० वटाका दरले प्लाष्टिक टनेल प्रवर्द्धन गरेका छौं । हरियो तरकारी संकलन केन्द्रहरु निर्माण भईरहेका छन् । 'एक घर, तीस बोट' अभियान प्रभावकारी देखिएको छ । थलारा गाउँपालिकामा स्थानीय समुदायले परियोजनाको सहयोगबाट आर्थिक लाभ हासिल गर्न थालेका छन् ।

***भुवनेश्वर उपाध्याय, अध्यक्ष, थलारा गाउँपालिका, बझाङ्***





ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको कार्यपद्धति र अवधारणा समुदायमा सुहाउदो खालको छ । मेरो बिचारमा सामुदायिक विकासको यो नै उपयुक्त नमूना हो । परियोजनाको सहयोगमा हामीले यसअघि नै मर्मत सम्भार नीति र महिनावारी स्वच्छता निर्देशिका तयार गरी लागू गरिसकेका छौं । सहभागिता, पारदर्शिता तथा  लागत साझेदारी अवधारणा गाउँपालिकाका सबै योजनामा लागू गर्नुपर्दछ । हाम्रो गाउँपालिकाका युवाहरु पहिला अरुको भारी बोक्थे, अहिले आफ्नै गाउँमा स्वरोजगार भएका छन् । सहकारी विकास अत्यन्तै प्रभावकारी भएको छ र यसले जनताको जिवनस्तरमा परिवर्तन ल्याएको छ ।

***हरि बहादुर रोकाया, अध्यक्ष, गौमूल गाउँपालिका, बाजुरा***

## सम्पर्क:

**परियोजना सहयोग इकाई :**

अमरगढी नगरपालिका –५ , डडेल्धुरा
सुदूरपश्चिम प्रदेश ,नेपाल
फोन- ९७७ + :९६ ४१०४१४/४१०४१३-
फ्याक्स- ९७७ + :९६-४१०४१५
ईमेल: info@rvwrmp.org.np

www.rvwrmp.org.np

**सम्पर्क कार्यालय:**

मानभवन, जावलाखेल, ललितपुर नेपाल ,
फोन- ९७७ + :१- ५५५०६२८ ५५४३३०१/
फ्याक्स५५-१-९७७ + :२१४१७

**प्राविधिक सहयोग इकाईहरुः अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख, दार्चुला, डोटी, हुम्ला र कैलाली**

"यो दस्तावेज युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो । यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन ।"